सम्वत् २०७५ सालको नियम नं.
प्रमाणीकरण भएको मिति . २०७५।०४।१०

# पुर्वीचौकी गाँउपालिका

## उपभोक्ता समिति गठन तथा परिचालन सम्वन्धी कार्यबिधि, २०७५

**प्रस्तावना**

नेपालको संबिधान र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार स्थानीय तहलाई प्राप्त अधिकार क्षेत्रभित्रको भौतिक पूर्वाधार निर्माण कार्य सञ्चालन गर्न उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्था गर्न आवश्यक भएको र जनमुखी, जवाफदेही, मितव्ययी, पारदर्शी, उत्तरदायी, समावेशी, समतामूलक, सहभागितामूलक, दीगो र गुणस्तरयुक्त विकास निर्माण कार्यमा सहजता प्रदान गर्न एक व्यवस्थित कार्यबिधिको आवश्यकता महसुस गरी स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ अधिकार प्रयोग गरी पुर्वीचौकी गाउँपालिकाले यो उपभोक्ता समिति गठन तथा परिचालन सम्बन्धी कार्यबिधि, २०७५ जारी गरेको छ ।

### परिच्छेद्–१

### प्रारम्भिक

**२. उद्देश्यहरु** (१) स्थानीय तह मार्फत सञ्चालन हुने कार्यक्रम तथा आयोजना कार्यान्वयनलाई मार्गदर्शन गर्न ।

(२) स्थानीय तह तथा उपभोक्ता समितिको भूमिका र जिम्मेवारी निर्धारण गर्न ।

(३) आयोजना तथा कार्यक्रमलाई पारदर्शी बनाउन ।

(४) आयोजनाको दीगोपनाको लागि आवश्यक व्यवस्था गर्न ।

प्रमाणीकरण
०७५।०४।१०

**३. परिभाषा :** बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा :-

(क) "अध्यक्ष" भन्नाले उपभोक्ता समितिको अध्यक्षलाई सम्झनु पर्दछ ।

(ख) "आयोजना" भन्नाले पुर्वीचौकी गाउँपालिका वा सो अन्तरगतको वडावाट पूर्ण वा आंशिक लागत साझेदारीमा सञ्चालित योजना वा कार्यक्रम वा आयोजना वा परियोजनालाई सम्झनु पर्छ । यस शव्दले गाउँ सभावाट स्वीकृत गराई गाउँपालिका क्षेत्रभित्र सञ्चालनमा रहेका गैरसरकारी संस्था, सामुदायिक संस्थाहरु र नीजि क्षेत्रद्वारा सञ्चालन भएका आयोजनाहरु समेतलाई जनाउनेछ ।

(ग) "उपभोक्ता" भन्नाले आयोजनाबाट प्रत्यक्ष लाभान्वित हुने समूहलाई जनाउनेछ ।

(घ) "उपभोक्ता समिति" भन्नाले आयोजनाको निर्माण, सञ्चालन, व्यवस्थापन र मर्मत सम्भार गर्नको लागि उपभोक्ताले आफुहरु मध्येबाट गठन गरेको समिति सम्झनु पर्दछ ।

(ङ) "कार्यालय" भन्नाले गाउँकार्यपालिकाको कार्यालयलाई बुझाउछ । सो शव्दले वडा कार्यालयलाई समेत बुझाउनेछ ।

CamScanner

(च) "कार्यपालिका" भन्नाले गाउँकार्यपालिकालाई सम्झनु पर्छ ।

(छ) "ठुला मेशिनरी उपकरण" भन्नाले वातावरणलाई अत्यधिक ह्रास पुर्‍याउने प्रकृतिका ठुला मेशिनरी (बुलडोजर, एक्साभेटर आदि) र श्रममुलक प्रविधिलाई विस्थापित गर्ने खालका उपकरण सम्झनु पर्नेछ ।

(ज) "पदाधिकारी" भन्नाले उपभोक्ता समितिका अध्यक्ष, सचिव र कोषाध्यक्षलाई सम्झनु पर्दछ ।

(झ) "वडा" भन्नाले पुर्वीचौकी गाउँपालिका भित्रका वडाहरुलाई सम्झनु पर्छ ।

(ञ) "वडाध्यक्ष" भन्नाले आयोजना सञ्चालन भएको वडाको वडा अध्यक्षलाई सम्झनु पर्छ ।

(ट) "सदस्य" भन्नाले उपभोक्ता समितिका सदस्यलाई जनाउनेछ र सो शव्दले उपभोक्ता समितिका पदाधिकारीलाई समेत जनाउनेछ ।

(ठ) "सम्झौता" भन्नाले आयोजनाको निर्माण, सञ्चालन, व्यवस्थापन र मर्मत सम्भार गर्नको लागि कार्यालय र उपभोक्ता समितिबीच भएको लिखित करारनामा वा कवुलियतनामालाई जनाउनेछ ।

**४. कार्यविधिको पालना गर्नुपर्ने** : (१) गाउँपालिकाभित्र कार्यान्वयन हुने आयोजनाको निर्माण, सञ्चालन, मर्मत सम्भार कार्य गर्नको लागि गठन हुने उपभोक्ता समितिले पूर्ण रुपमा यो कार्यविधिको पालना गर्नु पर्नेछ ।

(२) कुल लागत रु १ करोडसम्म भएको तथा स्थानीय सीप, श्रोत र साधन उपयोग हुने र स्थानीयस्तरमा कार्य सम्पन्न गर्न सक्ने आयोजनाको कार्यान्वयन उपभोक्ता समितिमार्फत गर्न सकिनेछ ।

## परिच्छेद्–२

## उपभोक्ता समिति गठन र परिचालन

**५. उपभोक्ता समिति गठन सम्वन्धी व्यवस्था** : (१) उपभोक्ता समितिबाट आयोजना कार्यान्वयन र सञ्चालन गर्दा आयोजनाबाट प्रत्यक्ष लाभान्वित हुने घरपरिवारको पहिचान गरी त्यस्ता घरपरिवारको आम भेलाबाट सम्बन्धित आयोजनास्थलमा नै सातदेखि एघार सदस्यीय उपभोक्ता समिति गठन गर्नु पर्नेछ । उपभोक्ता समितिमा नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त व्यक्तिहरु मात्रै बस्न पाउनेछन् ।

(२) समिति गठनको लागि आम भेला हुने समय, मिति, स्थान र भेलाको बिषय त्यस्तो भेला हुने मितिले कम्तिमा सात दिन (७ दिन) अगावै सार्वजनिक रुपमा जानकारी गराउनु पर्नेछ ।

(३) उपभोक्ता समितिका अध्यक्ष, सचिव र कोषाध्यक्षमा कम्तीमा एक जना महिला हुनु पर्नेछ । कुल सदस्य संख्याको कम्तीमा ३३ प्रतिशत महिला हुनुपर्नेछ । उपभोक्ता समिति गठन गर्दा समावेशी हुनका साथै उपभोक्ता समितिमा आवद्ध व्यक्तिहरू सामान्यतया साक्षर हुनु पर्नेछ ।

(४) एउटै समयमा एक व्यक्ति एकभन्दा बढी उपभोक्ता समितिको सदस्य हुन पाउने छैन । साथै एकाघरका परिवारबाट एकजना भन्दा बढी व्यक्ति समितिको सदस्य हुन पाइने छैन ।

(५) स्थानीय तहका बहालवाला पदाधिकारी, राजनीतिक दलका प्रतिनिधिहरु, बहालवाला सरकारी कर्मचारी, शिक्षक, सरकारी पेश्की वा बेरूजु फछ्र्यौट नगरेका व्यक्तिहरू, नैतिक पतन देखिने फौजदारी अभियोगमा सजाय पाई उक्त सजाय भुक्तान गरेको तीन वर्ष ननाघेको व्यक्ति, सार्वजनिक सम्पति हिनामिना गरेका व्यक्ति उपभोक्ता समितिका सदस्य हुन पाउने छैनन् ।

CamScanner

(६) गाउँपालिकाका अध्यक्ष, उपाध्यक्ष, गाउँकार्यपालिकाका सदस्य, गाउँकार्यपालिका र मातहतका निकायहरुमा कार्यरत कर्मचारीका पत्नी/पति उपभोक्ता समितिको पदाधिकारी तथा सदस्य हुन पाउने छैनन्।

(७) उपभोक्ता समिति गठन गर्दा सम्बन्धित वडाको वडा अध्यक्ष तथा वडा समितिले तोकेको जनप्रतिनिधिको रोहबरमा गर्नुपर्नेछ। यसरी खटिने जनप्रतिनिधिले उपभोक्ता समिति गठन गरेपछि सो सम्बन्धी प्रतिवेदन सम्बन्धित स्थानीय तहमा पेश गर्नुपर्नेछ।

(८) उपभोक्ता समितिको गठन सर्वसम्मत तरिकाले गर्नु पर्नेछ। सर्वसम्मत हुन नसकेको अवस्थामा खटिएका कर्मचारी वा जनप्रतिनिधिले प्रजातान्त्रिक बिधि वा गोलाप्रथाद्वारा उपभोक्ता समिति गठन गरी सोको जानकारी सम्बन्धित स्थानीय तहलाई गराउनु पर्नेछ।

(९) उपभोक्ताहरुको लागत सहभागितामा सञ्चालन हुने आयोजनाहरु उपभोक्ता समितिबाट कार्यान्वयन गर्न प्राथमिकता दिईनेछ।

(१०) उपभोक्ता समितिले सम्झौता बमोजिम गर्नु पर्ने काम समिति आफैंले गर्नु गराउनु पर्नेछ। अन्य कुनै निर्माण व्यवसायी वा अन्य व्यक्ति वा सस्थालाई ठेक्कामा दिई गर्न/गराउन पाइने छैन।

(११) कार्यालयले आयोजना सञ्चालन एवं कार्यान्वयनमा संलग्न उपभोक्ता समितिको अभिलेख अनुसूची १ बमोजिमको ढाँचामा व्यवस्थित गर्नु पर्नेछ।

**६. उपभोक्ता समितिका सदस्यको योग्यता** : (१) उपभोक्ता समितिका सदस्यको योग्यता देहाय बमोजिम हुनु पर्नेछ।

(क) सम्वन्धित आयोजना क्षेत्रको स्थायी वासिन्दा

(ख) १८ वर्ष उमेर पुरा भएको

(ग) फौजदारी अभियोगमा अदालतबाट कसुरदार नठहरिएको

(घ) सरकारी बाँकी बक्यौता वा पेश्की फछ्यौंट गर्न बाँकी नरहेको

(ङ) अन्य उपभोक्ता समितिमा सदस्य नरहेको

(२) दफा १ मा जुनसुकै कुरा लेखिएको भएतापनि दफा ५ को उपदफा ४, ५ र ६ बमोजिमका व्यक्तिहरु उपभोक्ता समितिमा बस्न पाउने छैनन्।

CamScanner

७. **उपभोक्ता समितिको भूमिका र जिम्मेवारी :** (१) उपभोक्ता समितिले कार्यक्रम सञ्चालन गर्दा उपभोक्ता समूहको निर्णयको आधारमा गर्ने,

(२) आयोजनाको निर्माण कार्य सम्वन्धित स्थानीय तहको तर्फबाट तोकिएको प्राविधिकले तयार गरेको लागत अनुमान तथा प्राविधिक सल्लाहको अधीनमा रही गर्ने,

(३) आयोजना कार्यान्वयन गर्दा स्थानीय स्रोत, साधन र श्रम शक्तिको अधिकतम परिचालन गर्ने गरी गर्नुपर्दछ । आयोजनाको लागि आवश्यक सामाग्री खरिद गर्दा उपलब्ध भएसम्म नेपालमा उत्पादित सामाग्री खरिद गर्नु पर्नेछ ।

(४) उपभोक्ता समितिले योजनाको कार्यान्वयनका क्रममा आईपरेका बिभिन्न सवालहरुलाई समाधान गर्न योजनाको सम्झौता देखि योजना फरफारकसम्म अनुसूची-२ बमोजिम अनिवार्य बैठक बसी तोकिए अनुसारको छलफल तथा निर्णय गर्नु पर्नेछ । यस बाहेक उपभोक्ता समितिले आवश्यक ठानेमा जुनसुकै बेलामा पनि बैठक बस्न सक्ने छ ।

(५) आयोजना सञ्चालन, संरक्षण र मर्मत सम्भार गर्ने,

(६) आफूले जिम्मा लिएको काम निर्धारित समयमा सम्पन्न गर्न नसेकेमा सम्बन्धित आर्थिक वर्ष भित्र सो कार्य पुरा गर्ने सर्तमा समयमा सम्पन्न हुन नसकेको कारण खुलाई उपभोक्ता समुहको निर्णय सहित थप म्याद माग गर्ने,

(७) कार्यक्रम कार्यान्वयन संग सम्वन्धित सम्पूर्ण खर्चहरूको बिल भरपाई सुरक्षित राख्ने र सम्वन्धित कामको प्रगति बिबरण स्थानीय तहमा उपलब्ध गराउने,

(८) योजनाको निर्माण कार्य सम्पन्न भए पश्चात अनुसूची-३ बमोजिम अनिवार्य सार्वजनिक परीक्षण गर्ने,

(९) कामको फरफारक गराउनु अघि समीक्षाको लागि उपभोक्ता समितिको बैठक बोलाई बैठक बोलाई छलफल गराउने, यस्तो बैठकको उपस्थिति र निर्णयको प्रतिलिपि सम्वन्धित स्थानीय तहमा प्रस्तुत गर्ने आदि कार्यसम्पादन गर्नु पर्नेछ ।

## परिच्छेद्–३

## आयोजना कार्यान्वयन तथा व्यवस्थापन

८. **आयोजना कार्यान्वयन :** (१) कार्यालयले आ.व. सुरु भएको १५ दिनभित्र उपभोक्ता समितिबाट सञ्चालन हुने आयोजना, परियोजना र कार्यक्रमहरु पहिचान/छनौट गरी कार्यान्वयन योजना बनाउनु पर्नेछ । उपभोक्ता समिति गठन पश्चात आयोजनाको ड्रईङ, डिजाईन र लागत अनुमान (नेपाली भाषामा तयार गरिएको) स्वीकृत गरी उपभोक्ता समितिलाई उपलब्ध गराउनु पर्नेछ ।

(२) आयोजनाको कार्यान्वयनको लागि उपभोक्ता समिति र कार्यलयबीच अनुसूची–४ बमोजिमको ढाँचामा सम्झौता गर्नुपर्नेछ ।

(३) आयोजनाको प्रकृति हेरी कार्यालयले लागत सहभागिताको ढाँचा र अनुपात (नगद वा श्रमदान वा बस्तुगत) तोक्नु पर्नेछ ।

CamScanner

९. **आयोजना सम्झौताको लागि आवश्यक कागजातहरु :** (१) उपभोक्ता समितिले कार्यालयसँग सम्झौता गर्दा तपशिलमा उल्लिखित कागजातहरु पेश गर्नु पर्नेछ :-

(क) उपभोक्ता समिति गठन गर्ने आम भेलाको निर्णयको प्रतिलिपि

(ख) उपभोक्ता समितिका सदस्यहरुको नागरिकताको प्रतिलिपि

(ग) आयोजनाको लागत अनुमान विवरण

(घ) उपभोक्ता समितिबाट सम्झौताको लागि जिम्मेवार पदाधिकारी तोकिएको उपभोक्ता समितिको निर्णय ।

(ङ) आयोजनाको कार्यान्वयनको कार्य तालिका ।

(च) खाता सञ्चालन गर्ने पदाधिकारी तोकिएको निर्णय र खाता सञ्चालनको लागि आवश्यक कागजातहरु

१०. **अनुगमन तथा सहजीकरण समिति गठन र काम, कर्तब्य, अधिकार :** (१) अनुगमन एवम् सहजीकरण गर्न सम्बन्धित आयोजना वा कार्यक्रमबाट प्रत्यक्ष लाभ हासिल गर्ने परिवार मध्येबाट कम्तीमा दुई जना महिला सहित गरी पाँच सदस्यीय अनुगमन तथा सहजीकरण समिति गठन गरिनेछ । उक्त समिति उपभोक्ता समिति गठनका लागि बोलाईएको भेलाद्वारा गठन गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम गठन भएको समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

क) उपभोक्ता समितिले आयोजनाहरू सञ्चालन गर्दा तोकिए बमोजिमको गुणस्तर कायम गर्ने गराउने दायित्व र जिम्मेबारी सम्बन्धित स्थानीय तहको वडा कार्यालय /समिति, प्राविधिक कर्मचारी, अन्य कर्मचारी, उपभोक्ता समिति र अनुगमन तथा सहजीकरण समितिको हुनेछ ।

ख) कार्यक्रम वा आयोजनाको सम्झौता पुर्व र अन्तिम भुक्तानी एवं फरफारक गर्नुपूर्व फरफारकका वडा कार्यालयको अनिवार्य सिफारिश सहित उल्लेखित समितिको सिफारिस बिना सम्झौता तथा भुक्तानी हुन सक्ने छैन ।

ग) आयोजना सञ्चालनको क्रममा बाधा अवरोध आइपरेमा आवश्यक सहजीकरण गर्ने,

घ) सम्पन्न कार्यक्रम वा आयोजनाको सार्वजनिक परीक्षण गर्ने तथा स्थानीय तहसंग गरेको सम्झौता र प्रचलित कानून बमोजिम कार्यक्रम तथा आयोजना सञ्चालन भएको नपाइएमा सम्बन्धित उपभोक्ता समितिका सदस्यहरूलाई र आवश्यकता अनुसार स्थानीय तहलाई सोको जानकारी गराउने ।

ङ) सम्वन्धित स्थानीय तहले कार्यक्रम वा आयोजना अनुगमन समितिको थप जिम्मेवारी र आचार संहिता निर्धारण गर्न सक्नेछ ।

CamScanner

**११. योजना व्यवस्थापन खर्च :** (१) उपभोक्ता समितिले सञ्चालन गर्ने योजनाहरुको व्यवस्थापनका लागि योजनाका लागि छुट्याईएको रकममध्येवाटै देहाय अनुसार खर्च गर्न पाउने छ :

क) दुई लाख रुपैयाँ लागतसम्मका योजनामा पाँच प्रतिशतसम्म ।

ख) दुई लाख एक देखि पाँच लाख रुपैयाँसम्मका योजनामा चार प्रतिशतसम्म ।

ग) पाँच लाख एक देखि १० लाख रुपैयाँ लागतसम्मका योजनामा दुई प्रतिशतसम्म ।

घ) १० लाख एक रुपैयाँ देखिमाथी लागतका योजनाहरुमा बढीमा ३० हजार रुपैयाँसम्म ।

(२) उपदफा (१) बमोजिमको रकम उपभोक्ता समितिका पदाधिकारी तथा सदस्यहरुले योजनाको काममा खटिएका बेला खाना, नास्ता, आवास र यातायात, अनुगमन तथा सहजीकरण समितिले अनुगमन गर्दा चिया नास्ता शिर्षकमा खर्च गर्न पाउनेछन् ।

(३) उपदफा (२) अनुसार भएको खर्चको व्यहोरा खोली बिल भरपाई सहितको श्रेस्ता राख्नु पर्नेछ ।

**१२. स्थानीय तहको भूमिका र जिम्मेवारी :** (१) उपभोक्ता समितिको काम, कर्तव्य र अधिकार लगायत आयोजना लागत, निर्माण सामग्रीको परिमाण, आयोजनाको गुणस्तर, राख्नुपर्ने खाता, किस्ता निकासा तथा भुक्तानी प्रक्रिया, पारदर्शिता, अनुगमन सम्बन्धी व्यवस्थाका बारेमा कार्यक्रम वा आयोजना सम्झौता हुनुपूर्व स्थानीय तहले तोकेको दिनमा एक वा सोभन्दा बढी उपभोक्ता समितिहरूका पदाधिकारीहरुलाई सामुहिक रूपमा अनुशिक्षण कार्यक्रम सञ्चालन गर्नु पर्नेछ ।

(२) उपभोक्ता समितिसंग सम्झौता गर्नु अगाडि स्थानीय तहको योजना शाखा वा योजना सम्बन्धी काम गर्ने कर्मचारीले प्रचलित कानुन, कार्यविधि, निर्देशिका बमोजिम आवश्यक कागजात सहित उपभोक्ता समिति गठन भए/नभएको बारे एकिन गरी आफ्नो स्पष्ट राय साथ सम्झौताका लागि निर्णय गर्ने अधिकारी समक्ष पेश गरी निर्णय भए बमोजिम गर्नु पर्नेछ ।

(४) योजनाको सम्झौता पश्चात स्थानीय तहले उपभोक्ता समितिलाई योजनाको कार्य प्रारम्भ गर्न कार्यादेश प्रदान गर्नेछ ।

(५)- स्थानीय तहले आयोजना सञ्चालन एवं कार्यान्वयनमा संलग्न उपभोक्ता समिति, सामुदायिक संस्था एवं गैर सरकारी संघ संस्थाको अभिलेखीकरण गरी व्यवस्थित गर्नुपर्नेछ ।

(६) योजनाको अनुगमन गरी आवश्यक निर्देशन दिने र योजना समापन पश्चात सम्बन्धित वडा कार्यालयको सिफारिस,उपभोक्ता समितिले यस कार्यविधिमा उल्लेख भएको अनुसुची बमोजिमको कागजात र बास्तविक नापजाँच एवं प्राविधिकको अन्तीम कार्य सम्पन्न प्रतिवेदनको सिफारिसमा सम्झौता बमोजिमको रकम उपलब्ध गराउने ।

(७) स्थानीय तहबाट कार्यक्रम वा आयोजना स्वीकृत भएपछि उपभोक्ता समिति मार्फत सञ्चालन गरिने कार्यक्रम वा आयोजनाको हकमा बढीमा तीन महिनाभित्र उपभोक्ता समिति गठन गरी सम्झौताका लागि सम्पर्क राख्न सम्बन्धित लाभग्राही समूहलाई जानकारी दिनु पर्नेछ । तोकिएको समयभित्र उपभोक्ता समिति गठन भई आउन नसकेमा सम्बन्धित स्थानीय तहले सहजीकरण गर्नेछ । उपभोक्ता समिति गठन हुन नसकेमा कार्यपालिकोको निर्णय बमोजिम हुनेछ ।

CamScanner

१३. **खाता संचालन :** (१) उपभोक्ता समितिको खाता अध्यक्ष, सचिव र कोषाध्यक्षको संयुक्त दस्तखतबाट सञ्चालन हुनेछ । रकम निकासाका लागि कोषाध्यक्ष अनिवार्य र अध्यक्ष र सचिवमध्ये मध्ये एक जनाको हस्ताक्षर अनिवार्य हुनेछ । खाता सञ्चालकहरूको तीनपुस्ते खुलाई स्थानीय तहमा अभिलेख राख्नु पर्नेछ ।

१४. **रकम निकासा प्रक्रिया :** (१) योजना वा कार्यक्रम स्वीकृत नभई विगत वर्षमा वा यसै आर्थिक वर्षमा पनि सम्झौता हुनुपूर्व कार्य सम्पन्न गरिएको भनी भुक्तानी माग गरिएको कार्यक्रम वा आयोजनाहरूमा र आ.व.को अन्त्यमा काम भैसकेको देखाई पछि काम गर्ने गरी कुनै पनि उपभोक्ता समितिलाई रकम भुक्तानी दिन पाइने छैन । उपभोक्ता समितिले स्वीकृत कार्यक्रम बमोजिम गरेको कामको मात्र भुक्तानी दिनु पर्नेछ ।

(२) आयोजना सञ्चालन गर्ने उपभोक्ता समिति, गैर सरकारी संस्था वा सामुदायिक संस्थाले आफ्नो खाताबाट पचास हजार वा सो भन्दा माथी एउटै व्यक्ति/फर्म/कम्पनीलाई भुक्तानी दिनु पर्दा बैंङ्क वा वित्तीय संस्थामार्फत गर्नुपर्नेछ ।

(३) तोकिएको काम भन्दा बढी काम गरेर थप रकम दावी गर्ने वा काम नै नगरी वा वास्तविक कामभन्दा बढी काम गरेको देखाई अथवा कुनै आइटमको सट्टा अर्को आइटमको कार्य पूरा गरेको देखाई लागत अनुमानभन्दा बढी रकम माग्ने उपभोक्ता समितिलाई उक्त रकम भुक्तानी नदिई कालो सूचीमा राखी कारवाही गर्नुको अतिरिक्त सम्बन्धित प्राविधिकलाई समेत कारवाही गर्नु पर्नेछ ।

(४) उपभोक्ता समितिले कामको लागि नियमानुसार लिएको पेश्की फछर्यौट गर्दा प्रथम किस्ताको प्राविधिक मूल्याङ्कन, सम्झौता अनुसारको नाप जाँच र मूल्य खुलेको रनिङ्ग विल, उपभोक्ता समितिको बैठकको प्रतिलिपि समेत राखी सम्बन्धित स्थानीय तहमा निवेदन दिनु पर्नेछ । यस विवरणको आधारमा अघिल्लो किस्ताको पेश्की फछर्यौट गरी थप कामको मात्र अर्को किस्ता कायम गरी सोही वरावरको रकम उपलब्ध गराईनेछ ।

(५) कार्यक्रम वा आयोजनाको अन्तिम भुक्तानी एवम् फरफारकका लागि अनुमगन तथा सहजीकरण समितिको सिफारिश अनिवार्य हुनेछ ।

(६) योजनाको कुल लागत अनुदान भन्दा घटि लागतमा योजना सम्पन्न भएको अवस्थामा सो मुताविक नै अनुदान र श्रमदानको प्रतिशत निर्धारण गरी भुक्तानी गरिने छ भने थप लागत लाग्ने भए समयमै संशोधित अनुमान स्वीकृत गर्ने गराउनु पर्नेछ ।

(७) उपभोक्ता समितिले प्रत्येक किस्ताको रकम अनुसूची–५ अनुसारको ढाँचामा सार्वजनिक गर्नु पर्नेछ ।

१५. **पेश्की सम्वन्धी व्यवस्था :** (१) आयोजनाको कार्य सञ्चालन गर्नका लागि पेश्कीको आवश्यकता भएमा आयोजनाको प्रकृति हेरी बढीमा ४० प्रतिशतसम्म पेश्की वाफत उपलब्ध गराउन सकिनेछ ।

१६. **निर्माण कार्यको गुणस्तर सुनिश्चितता गर्नु पर्ने :** उपभोक्ता समितिबाट सञ्चालन हुने आयोजना गुणस्तर सुनिश्चित गर्नु सम्वन्धित उपभोक्ता समितिको कर्तव्य हुनेछ । गुणस्तर सुनिश्चितता गर्नको लागि अन्य कुराहरुको अतिरिक्त निम्न विषयहरु पूर्ण रुपमा पालना गर्नु पर्नेछ :-

(क) सर्भे डिजाईन : सर्भे डिजाईन गर्नु पर्ने सडक, खानेपानी,कुलो,नहर, सिचाई,विद्युतको अनिवार्य डिजाईन गर्नु गराउनु पर्ने छ ।

(ख) निर्माण सामाग्रीको गुणस्तर : निर्माण सामाग्री ड्रइङ, डिजाईन र स्पेसिफिकेसन बमोजिमको गुणस्तर कायम गर्नु पर्नेछ ।

(ग) निर्माण विधि र प्रकृयाको गुणस्तर : निर्माण विधि र प्रकृया कार्यालयसँग भएको सम्झौता बमोजिम गर्नु पर्नेछ ।

(घ) गुणस्तर सुनिश्चित गर्ने जिम्मेवारी : उपभोक्ता समिति मार्फत हुने कामको निर्धारित गुणस्तर कायम गर्ने जिम्मेवारी सम्बन्धित कार्यको लागि कार्यालयबाट खटिएका प्राविधिक कर्मचारी र उपभोक्ता समितिको हुनेछ ।

(ङ) लगत राख्नु पर्ने : उपभोक्ता समितिबाट हुने कामको सम्झौता बमोजिमको समय, लागत र गुणस्तरमा सम्पन्न हुन नसकेमा सम्वन्धित प्राविधिक कर्मचारीलाई सचेत गराउने र प्रकृति हेरी आवश्यकता अनुसार कारवाही गर्न सक्नेछ । त्यस्ता उपभोक्ता समितिको लगत राखी उपभोक्ता समितिका पदाधिकारीलाई निश्चित समयसम्मको लागि अन्य उपभोक्ता समितिमा रही काम गर्न निषेध गर्नेछ ।

१७. **अनुगमन तथा मुल्यांकन सन्वन्धी व्यवस्था :** (१) गाँउपालिकाबाट सञ्चालित योजनाको लागत, परिमाण, समय सीमा र गुणस्तरीयताको आधारमा अनुगमन गरी आवश्यक पृष्ठपोषण दिनको लागि निम्न अनुसारको अनुगमन तथा सुपरीवेक्षण समिति गठन गर्नु पर्नेछ ।

(क) उपाध्यक्ष- संयोजक

(ख) अध्यक्षले तोकेका एक जना महिला सहित कार्यपालिका सदस्यहरु मध्यवाट दुई जना- सदस्य

(ग) सम्वन्धित वडाका वडाध्यक्ष – सदस्य

(घ) प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको एक जना कर्मचारी -सदस्य

(घ) प्रमुख, योजना विभाग, शाखा वा एकाई-सदस्य सचिव

(ङ) प्रतिनिधि, गाउँपालिकाको प्राबिधिक ईकाई – सदस्य

उक्त समितिमा आवश्यकता अनुसार कार्यपालिकाका अन्य सदस्य तथा बिषय विज्ञलाई आमन्त्रण गर्न सकिनेछ ।

(२) कार्यपालिकामा एकीकृत कार्यान्वयन कार्ययोजना पेश गरेको १५ दिन भित्र अनुगमन तथा सुपरीवेक्षण समितिले बार्षिक अनुगमन कार्ययोजना बनाई कार्यान्वयन गर्नु पर्नेछ ।

(३) अनुगमन तथा सुपरीवेक्षण समितिले गरेको कामको प्रतिवेदन प्रत्येक महिनामा पेश गरी कार्यपालिकाको बैठकमा छलफल गर्नु पर्नेछ

(४) कार्यपालिकाले अनुगमन तथा सुपरीवेक्षण समितिको प्रतिवेदन समेतको आधारमा योजना कार्यान्वयनमा देखिएका त्रुटिहरु सच्याउन तथा समय र गुणस्तर कायम गर्न सम्वन्धित पक्ष (उपभोक्ता समिति, निर्माण व्यवसायी, परामर्शदा तथा कर्मचारी) लाई आवश्यक निर्देशन दिनु पर्नेछ । अनुगमन तथा सुपरीवेक्षण समितिले दिएको निर्देशन पालना गर्नु सम्वन्धित पक्षको जिम्मेवारी हुनेछ ।

(५) अनुगमन तथा सुपरीवेक्षण समिति आफैले वा अख्तियारी प्रदान गरिएका स्थानीय जनप्रतिनिधि वा कर्मचारीद्वारा उपभोक्ता समितिबाट योजना सम्पन्न भएको सूचना प्राप्त भएको मितिले १० दिनभित्र अनुगमन गर्ने व्यवस्था गर्नेछ उक्त अनुगमन बिना योजनाको फरफारक हुने छैन ।

(६) आफ्नो वडा भित्र सञ्चालित योजनाको अनुगमन गरी आवश्यक पृष्ठपोषण दिनको लागि निम्न अनुसारको वडास्तरीय अनुगमन समिति गठन गर्नु पर्नेछ ।

(क) सम्वन्धित वडाको वडाध्यक्ष -संयोजक

(ख) वडा सदस्यहरु - सदस्य

(ग) गाउँपालिकाको प्राविधिक -सदस्य

(घ) वडा सचिब - सदस्य सचिब

उक्त समितिमा आवश्यकता अनुसार अन्य कर्मचारीलाई आमन्त्रण गर्न सकिनेछ । समितिले अनुगमन गर्दा देखिएका बिषयका सम्बन्धमा अनुगमन तथा सुपरीवेक्षण समितिलाई नियमित रुपमा जानकारी दिने ।

## परिच्छेद्–४

## बिविध

**१८. योजनको दीगोपना :** (१) योजनाको निर्माण पश्चात सोको दीगोपनको लागि सम्वन्धित उपभोक्ता समितिले योजना बनाउनु पर्नेछ । जसमा लागि सम्वन्धित स्थानीय तहको सहमति लिई उपभोक्ता समितिले सेवा शुल्क लिन र सोको नियमित मर्मत सम्भार र सञ्चालनको व्यवस्था गर्न सक्नेछ ।

(२) पचास लाख रूपैयाँ भन्दा माथि लागत भएका आयोजनाको हकमा आयोजनाको लागत अनुमान तर्जुमा गर्दाकै समयमा मर्मत सम्भारका लागि रकम छुट्याउनु पर्नेछ ।

(३) आयोजना सञ्चालन गर्ने निकायले सम्पन्न भईसकेका आयोजनाहरूको नियमित रेखदेख र मर्मत संभार कार्य आफैले गर्नु पर्नेछ ।

(४) मर्मत सम्भार कोषको वार्षिक आम्दानीको दश प्रतिशत वा पच्चीस हजारमध्ये जुन कम हुन्छ त्यति रकम प्रशासनिक कार्यमा खर्च गर्न सकिनेछ । बाँकी रकम सम्बन्धित आयोजनाको मर्मत संभार र स्तरोन्नतीका लागि खर्च गर्नुपर्नेछ ।

(५) नियमित रूपमा मर्मत सम्भार नगर्ने आयोजनामा स्थानीय तहबाट थप लगानी हुने छैन ।

**२९. ठुला मेसिनरी उपकरण प्रयोग गर्न नपाईने** : उपभोक्ता समिति मार्फत सञ्चालन भएका भौतिक पूर्वाधार विकासका कुनै पनि योजनाहरुमा ठुला मेसिनरी उपकरण प्रयोग गर्न पाईने छैन ।

तर कुनै योजनामा मेसिनरी उपकरणको प्रयोग नगरि नहुने अवस्था रहेको प्राविधिक प्रतिवेदनले देखाएमा वातावरणमा कम क्षति हुने गरी मेसिनरी सामग्रीको प्रयोग गर्न यो दफाले बाधा पुऱ्याएको मानिने छैन । यसरी मेसिनरी सामग्रीको सेवा खरीद गर्दा दफा १७ को प्रक्रिया अनिवार्य रुपमा पुरा गर्नु पर्नेछ । अन्यथा गाउँपालिका भुक्तानी दिन बाध्य हुने छैन ।

२१. अन्तरसम्बन्धित बिषयहरु

कुनै पनि योजना कार्यान्वयनका क्रममा तपसिलका अन्तरसम्बन्धित बिषयहरुलाई मध्यनजर गरी ति बिषयहरुलाई सम्बोधन गर्न उचित ध्यान दिनु पर्नेछ ।

| क्र.स. | अन्तरसम्बन्धित बिषयहरु | सम्बोधन गर्ने उपाय |
|---|---|---|
| १ | लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण | उपभोक्ता समितिमा कम्तीमा ३३ प्रतिशत महिला सहित अन्य जाती तथा वर्गको सहभागिता सुनिश्चित गर्ने |
| २ | प्रयोगकर्ता मैत्री संरचना | कुनै पनि संरचना निर्माण गर्दा महिला, बालबालिका र अपाङ्गता भएका व्यक्तिहरुको अवस्थालाई समेत मध्यनजर गरी उनीहरुलाई प्रयोग गर्न सहज वा मैत्रीपूर्ण हुने गरी निर्माण गर्ने । |
| ३ | वातावरण मैत्री स्थानीय शासन | संरचनाहरु निर्माण गर्दा वातावरणलाई समेत ख्याल गर्नु पर्छ । हामीले निर्माण गरेका संरचनाका कारण हुन सक्ने वातावरणीय क्षतिलाई न्यूनिकरण गर्न ध्यान दिनु पर्छ । |
| ४ | बिपद् व्यवस्थापन तथा जोखिम न्यूनिकरण | सम्भावित बिपदको पूर्वानुमान गरी त्यसको तयारीको योजना बनाउनुका साथै संरचना निर्माण गर्दा स्थानीय तहले तोकेको मापदण्डलाई पालना गर्नु पर्छ । |

**२२. पुरस्कार:** अनुकरणीय कार्य गर्ने उपभोक्ता समिति, प्राविधिक कर्मचारी र सम्बन्धित कर्मचारीलाई गाँउ कार्यपालिकाको निर्णय बमोजिम वार्षिक रूपमा पुरस्कार प्रदान गर्न सकिनेछ ।

**२३. जनसहभागिता एवं लागत सहभागिता :** (१) कार्यक्रम वा आयोजना तर्जुमा, सञ्चालन, अनुगमन तथा मूल्याङ्कन लगायत आयोजनाका प्रत्येक चरणमा अत्याधिक मात्रामा सहभागिता जुटाउने प्रयत्न गर्नु स्थानीय तहको कर्तव्य हुनेछ ।

(२) सहभागिताको अंश निर्धारण गर्दा अति विपन्न परिवार र लक्षित समूहलाई विशेष सहुलियत दिन सकिने प्रावधान राख्न सकिनेछ । लागत सहभागिता व्यहोर्न नसकेको कारणबाट लक्षित समूहलाई आयोजनाको लाभबाट वञ्चित गराइने छैन ।

२४. **उपभोक्ता समितिको दायित्व** : उपभोक्ता समितिले कार्यालयसँग भएको सम्झौता बमोजिमको कार्य सम्पादन गर्दा कार्यालयले तोकेका शर्तहरुको अतिरिक्त निम्न दायित्व वहन गर्नु पर्नेछ :–

(क) आयोजनाको दिगो व्यवस्थापनको लागि मर्मत सम्भार गर्ने सम्बन्धी आवश्यक कार्य,

(ख) आयोजना कार्यान्वयनबाट पर्न सक्ने वातावरणीय सन्तुलन कायम गर्ने सम्बन्धी कार्य,

(ग) अन्य आयोजनाहरुसँग अन्तरसम्बन्ध कायम गर्नुपर्ने,

(घ) असल नागरिकको आचरण पालना गर्नुपर्ने ।

(ङ) उपभोक्ता समितिले आयोजनाको फरफारकको लागि कार्यालयमा कागजात पेश गर्दा अनुसूची ६ बमोजिमको ढाँचामा आयोजनाको भौतिक तथा वित्तिय प्रतिवेदन पेश गर्नु पर्नेछ ।

अनुसूची-१

(दफा ५ को उपदफा (१२) संग सम्वन्धित)

पुर्वीचौकी गाउँपालिका

सानागाउँ, डोटी

उपभोक्ता समितिको लगत

आ.व........

| क्र.स. | उपभोक्ता समितिको नाम र ठेगाना | पदाधिकारीहरुको नाम र सम्पर्क नं. | | | गठन मिति | बैङ्को नाम | खाता नं. | सदस्य संख्या |
|---|---|---|---|---|---|---|---|---|
| | | अध्यक्ष | सचिव | कोषाध्यक्ष | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

## अनुसूची–२

(दफा ७ को उपदफा (४) संग सम्वन्धित)

उपभोक्ता समितिको बैठक संचालन सम्बन्धी कार्यविधी :

| बैठक संख्या | बैठक बस्नु पर्ने अवधि | छलफल गर्नु पर्ने बिषयहरु |
|---|---|---|
| १ | उपभोक्ता भेला | • उपभोक्ता समिति गठन<br>• अनुगमन तथा सहजीकरण समिति गठन<br>• ..................... |
| २ | योजना सम्झौता पूर्व | • योजना सम्झौता सम्बन्धमा<br>• खाता सञ्चालन सम्बन्धमा<br>• पेश्की माग सम्बन्धमा (पेश्की रकम आवश्यक भएमा मात्र)<br>• अन्य........ |
| ३ | योजना कार्यान्वयन पूर्व | • योजनाको सार्वजनिकीकरण बारे<br>• कार्य बिभाजन (स्थानीय सामाग्री संकलन, बाह्य सामाग्री खरिद, दक्ष मिस्त्री, अदक्ष मिस्त्री.......) |
| ४ | योजना कार्यान्वयनको मध्य तिर | • हालसम्मको कामको समिक्षा<br>• रनिङ्ग बिल फर्च्यौट र भक्तानी माग गर्ने सम्बन्धमा (रनिङ्ग बिल भएमा मात्र)<br>• अन्य ....... |
| ५ | योजनाको कार्य सम्पन्न भै सके पश्चात | • सार्वजनिक परीक्षण<br>• योजनाको दीगोपना (मर्मत सम्भार .....)<br>• अन्तिम किस्ता भक्तानी माग गर्ने सम्बन्धमा |

CamScanner

अनुसूची–३

(दफा ७ (८) संग सम्वन्धित)

सार्वजकि परीक्षण फारामको ढाँचा

१. आयोजनाको नाम : क) स्थल :

ख) लागत अनुमान : ग) आयोजना सुरु हुने मिति : घ) आयोजना सम्पन्न हुने मिति :

२. उपभोक्ता समिति/सामुदायिक संस्थाको नाम :

क) अध्यक्षको नाम : सदस्य संख्या : महिला : पुरुष :

३. आम्दानी खर्चको विवरण :

क) आम्दानी तर्फ

| आम्दानीको श्रोत -कहाँबाट कति नगद तथा जिन्सी प्राप्त भयो ? खुलाउने) | रकम वा परिमाण | कैफियत |
|---|---|---|
| | | |
| | | |

ख) खर्चतर्फ

| खर्चको विवरण | दर | परिमाण | कैफियत |
|---|---|---|---|
| १. सामग्री (के के सामग्री खरिद भयो ? | | | |
| २. ज्याला (के मा कति भुक्तानी भयो ?) | | | |
| | | | |
| | | | |
| ३. श्रमदान (कति जनाले श्रमदान गरे ?) | | | |
| | | | |
| ४. व्यवस्थापन खर्च ( ढुवानी तथा अन्य खर्च) | | | |
| | | | |

ग) मौज्दात

| विवरण | रकम वा परिमाण | कैफियत | |
|---|---|---|---|
| १. नगद | | | |
| २. बैङ्क | | | |
| ३. व्यक्तिगत जिम्मा | | | |
| ४. सामग्रीहरु | | | |

घ) भुक्तानी दिन बाँकी

| विवरण | रकम वा परिमाण |
|---|---|
| | |

४. सम्पन्न आयोजनाको लक्ष्य तथा प्रगति विवरण

| कामको विवरण | लक्ष्य | प्रगति |
|---|---|---|
| | | |

५. आयोजनाले पुऱ्याएको लाभ तथा प्रत्यक्ष रुपमा लाभान्वित जनसंख्या (आयोजना सञ्चालन भएको स्थानका उपभोक्ताहरु)

६. आयोजना सञ्चालन गर्दा आयोजक संस्थामा कामको जिम्मेवारी बाँडफाँड (कसले कस्तो जिम्मेवारी लिएका थिए ? खुलाउने)

उपस्थिति

रोहवर

दृष्टव्य : सार्वजनिक परीक्षण कार्यक्रममा उपस्थित सरोकारवालाहरुको उपस्थिति अनिवार्य रुपमा संलग्न हुनु पर्नेछ ।

CamScanner

अनुसूची–४

(दफा ८ (२) को ग संग सम्बन्धित)

## उपभोक्ता समितिसँग गरिने सम्झौता पत्र फाराम

पुर्वीचौकी गाँउपालिका अन्तरगत ......................................उपभोक्ता समिति मार्फत सञ्चालन गरिने ......................योजना निर्माणको लागि यस पुर्वीचौकी गाँउपालिका (यस पछि पहिलो पक्ष भनिने छ) र ......................योजना उपभोक्ता समिति (यस पछि दोस्रो पक्ष भनिने छ) का विच आज मिति ....................का दिन सो योजना सञ्चालनको लागि द्विपक्षीय रुपमा तपशील अनुसारका बुँदाहरुमा आपसी समझदारी आदान-प्रदान गरी सम्झौता गरियो ।

**१. योजनाको संक्षिप्त विवरण :**

क) **योजनाको नाम :** ..........................................................................................

ख) **किसिम :** मर्मत/नयाँ निर्माण

ग) **योजना संचालन गरिने स्थान**

घ) योजनाबाट लाभान्वीतको संख्या

| लाभान्वित बिवरण | जम्मा घरधुरी | लाभान्वित जनसंख्या | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | १८ वर्ष मुनिका बालबालिकाहरु | | १८ वर्ष भन्दा माथीको जनसंख्या | | जम्मा जनसंख्या | | |
| | | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | |
| ब्राह्मण | | | | | | | | |
| क्षेत्री | | | | | | | | |
| जनजाती | | | | | | | | |
| दलित | | | | | | | | |

५. योजना निर्माणको अवधि :

यो योजनाको समग्र अवधी मिति ....................देखि ..........सम्म हुनेछ र योजना निर्माणलाई निम्नानुसारको चरणमा विभाजन गरी तपशीलको अवधीमा सम्पूर्ण कार्य सम्पन्न गरिने छ ।

| क्र.स. | योजनाका चरणहरु | देखि | सम्म |
|---|---|---|---|
| १ | उपभोक्ताहरुका बिच योजनाको सार्वजनिकीकरण तथा कार्य बिभाजन | | |
| २ | योजना निर्माण आरम्भ | | |
| ३ | योजनाको मध्यावधी समिक्षा | | |
| ४ | योजना निर्माण कार्य सम्पन्न | | |
| ५ | सार्वजनिक परिक्षण | | |
| ६ | योजना फर्च्यौट | | |

(क) प्रारम्भ मिति: ............................ (प्रारम्भ मिति सम्झौतामा हस्ताक्षर भएको मितिलाई मानिने)

(ख) सम्पन्न गरिने मिति : ..................................................................................................

६. रकम निकासा प्रकृया :

(क) खाता संचालन :

१. योजना सञ्चालनको कुल लागत रु ५०,०००। भन्दा माथी भएमा उपभोक्ता समितिले स्थानीय स्तरमा पायक पर्ने कुनै पनि बैंङ्कमा समितिका पदाधिकारीहरुमध्येबाट कम्तीमा २ जनाको दस्तखतबाट खाता सञ्चालन हुने गरी खाता खोल्नु पर्नेछ । यदि समितिको नाममा पहिले देखिनै कुनै बैकमा संचालन् भईरहेको भएमा उपभोक्ता समितिको निर्णय बमोजिमा सोहि खाताबाट कारोबार गर्न सकिने छ ।

(ख) **प्रथम किस्ता** :योजना संचालनका लागि पेश्की रकमको आवश्यक भएमा उपभोक्ता समितिको निर्णय बमोजिम कुल योजना लागत कम्तीमा ४० प्रतिशत रकम पेश्की दिन सकिनेछ ।

(ग) **अन्तिम किस्ता** : सम्झौता बमोजिमको लागत इस्टिमेट अनुसारको काम सम्पन्न भइसकेपछि, सम्पन्न कामको वास्तविक नापजाँचको आधारमा सम्वन्धित प्राविधिक र अनुगमन तथा सुपरीवेक्षण समितिको सिफासि सम्बन्धित वडा कार्यालयको सिफारिसमा अन्तिम किस्ता वाफतको रकम भुक्तानी गरिनेछ । अन्तिम किस्ता निकाशाको लागि उपभोक्ता समितिले सार्वजनिक परिक्षण अनिवार्य रुपमा गरेको हुनु पर्नेछ ।

(घ) योजनाको प्रकृति हेरी काम गर्ने शिलशिलामा प्रथम किस्ता पश्चात विचमा रकम आवश्यक भएका प्रथम किस्ता वाफतको पेश्की फर्च्यौट गरी एक पटकका लागि दोस्रो किस्ता रकम पनि उपलब्ध गराउन सकिने छ ।

७. योजनाको दीगोपना, मर्मत सम्भार कार्य :

सम्पन्न भएका योजनाहरुको दिगो व्यवस्थापन गर्न र भरपुर लामो समयसम्म सेवालाई निरन्तरता दिनका लागि उपभोक्ता समितिले मर्मत सम्भार कोषको व्यवस्था गर्नु पर्नेछ ।

८. उपभोक्ता समितिको विवरण :

| क्र.सं. | पद | नाम थर | ठेगाना | महिला | पूरुष |
|---|---|---|---|---|---|
| १ | अध्यक्ष | | | | |
| २ | उपाध्यक्ष | | | | |
| ३ | सचिव | | | | |
| ४ | कोषाध्यक्ष | | | | |
| ५ | सदस्य | | | | |
| ६ | सदस्य | | | | |
| ८ | सदस्य | | | | |
| ८ | सदस्य | | | | |
| ९ | सदस्य | | | | |
| जम्मा | | | | | |

योजनाको अनुगमन तथा मूल्याङ्कन गर्ने पहिलो दायित्व समुदाय, उपभोक्ता समिति र अनुगमन तथा सहजीकरण समितिकको हुनेछ । त्यस पछि गाँउपालिका/वडा कार्यालयको हुनेछ । सम्बन्धित उपभोक्ताहरुबाट गठन हुने अनुगमन तथा सहजीकरण समितिको भूमिका र जिम्मेवारी देहाय बमोजिम हुनेछ ।

(१) उपभोक्ता समितिले आयोजनाहरू सञ्चालन गर्दा तोकिए बमोजिमको गुणस्तर कायम गर्ने गराउने दायित्व र जिम्मेवारी सम्बन्धित प्राविधिक कर्मचारी, अन्य कर्मचारी, उपभोक्ता समिति र अनुगमन तथा सहजीकरण समितिको हुनेछ ।

(२) कार्यक्रम वा आयोजनाको अन्तिम भुक्तानी एवं फरफारक गर्नुपूर्व फरफारकका लागि सिफारिस गर्ने । यो समितिको सिफारिस बिना भुक्तानी हुन सक्ने छैन ।

(३) आयोजना सञ्चालनको क्रममा बाधा अवरोध आइपरेमा आवश्यक सहजीकरण गर्ने,

(४) सम्पन्न कार्यक्रम वा आयोजनाको सार्वजनिक परीक्षण गर्ने तथा स्थानीय तहसंग गरेको सम्झौता र प्रचलित कानुन बमोजिम कार्यक्रम तथा आयोजना सञ्चालन भएको नपाइएमा सम्बन्धित उपभोक्ता समितिका सदस्यहरूलाई र अवश्यकता स्थानीय तहलाई सोको जानकारी गराउने ।

(५) सम्बन्धित स्थानीय तहले कार्यक्रम वा आयोजना अनुगमन समितिको थप जिम्मेवारी र आचार संहिता निर्धारण गर्न सक्नेछ ।

९. **पहिलो पक्ष (गाँउपालिकाको) जिम्मेवारी :**

(१) उपभोक्ता समितिलाई सम्बन्धित स्थानीय तहले लागत अनुमान तयार गर्ने, प्राविधिक सल्लाह दिने, जाँचपास लगायत अन्य प्राविधिक सहयोग उपलब्ध गराउनु पर्नेछ । योजनाको लागत अनुमान नेपाली भाषामा गर्नुपर्नेछ ।

(२) उपभोक्ता समितिको काम, कर्तव्य र अधिकार लगायत आयोजना लागत, निर्माण सामग्रीको परिमाण, आयोजनाको गुणस्तर, राख्नुपर्ने खाता, किस्ता निकासा तथा भुक्तानी प्रक्रिया, पारदर्शिता, अनुगमन सम्बन्धी व्यवस्थाका बारेमा कार्यक्रम वा आयोजना सम्झौता हुनुपूर्व स्थानीय तहले तोकेको दिनमा एक वा सोभन्दा बढी उपभोक्ता समितिहरूका पदाधिकारीहरुलाई सामुहिक रूपमा अनुशिक्षण कार्यक्रम सञ्चालन गर्नु पर्नेछ ।

(३) उपभोक्ता समितिसँग सम्झौता गर्नु अगाडि स्थानीय तहको योजना शाखा वा योजना सम्वन्धी काम गर्ने कर्मचारीले प्रचलित कानून, कार्यविधि, निर्देशिका बमोजिम आवश्यक कागजात सहित उपभोक्ता समिति गठन भए नभएको बारे एकिन गरी आफ्नो स्पष्ट राय साथ सम्झौताका लागि निर्णय गर्ने अधिकारी समक्ष पेश गरी निर्णय भए बमोजिम गर्नु पर्नेछ ।

(४) योजनाको सम्झौता पश्चात स्थानीय तहले उपभोक्ता समितिलाई योजनाको कार्य प्रारम्भ गर्न कार्यादेश प्रदान गर्नेछ ।

(५) स्थानीय तहले आयोजना सञ्चालन एवं कार्यान्वयनमा संलग्न उपभोक्ता समिति, सामुदायिक संस्था एवं गैर सरकारी संघ संस्थाको अभिलेखीकरण गरी व्यवस्थित गर्नु पर्नेछ ।

(६) योजनाको अनुगमन गरी आवश्यक निर्देशन दिने र योजना समापन पश्चात बास्तविक नापजाँच एवं प्रविधिकको सिफारिसमा सम्झौता बमोजिमको रकम उपलब्ध गराउने ।

(७) स्थानीय तहबाट कार्यक्रम वा आयोजना स्वीकृत भएपछि उपभोक्ता समिति मार्फत सञ्चालन गरिने कार्यक्रम वा आयोजनाको हकमा बढीमा तीन महिनाभित्र उपभोक्ता समिति गठन गरी सम्झौताका लागि सम्पर्क राख्न सम्बन्धित लाभग्राही समूहलाई जानकारी दिनुपर्नेछ । तोकिएको समयभित्र उपभोक्ता समिति गठन भई आउन नसकेमा सम्बन्धित स्थानीय तहले सहजीकरण गर्नेछ । उपभोक्ता समिति गठन हुन नसकेमा स्थानीय कार्यपालिकोको निर्णय बमोजिम हुनेछ ।

CamScanner

१० दोस्रो पक्ष (उपभोक्ता समिति) को जिम्मेवारी

(१) उपभोक्ता समितिले आयोजना/कार्यक्रम सञ्चालन गर्दा योजनाको लागत रकमको २० प्रतिशत श्रमदान गर्नु पर्ने छ र नियमानुसार कन्टेजेन्सी कटाई बाकिँ रकममा उक्त श्रमदान गर्नु पर्ने छ।

(२) उपभोक्ता समितिले कार्यक्रम सञ्चालन गर्दा उपभोक्ता समूहको निर्णयको आधारमा गर्ने,

(३) आयोजनाको निर्माण कार्य सम्वन्धित स्थानीय तहको तर्फबाट तोकिएको प्राविधिकले तयार गरेको लागत अनुमान तथा प्राविधिक सल्लाहको अधीनमा रही गर्ने,

(४) आयोजना कार्यान्वयन गर्दा स्थानीय स्रोत, साधन र श्रम शक्तिको अधिकतम परिचालन गर्ने गरी गर्नु पर्दछ। आयोजनाको लागि आवश्यक सामाग्री खरिद गर्दा उपलब्ध भएसम्म नेपालमा उत्पादित सामाग्री खरिद गर्नु पर्नेछ।

(५) उपभोक्ता समितिले योजनाको कार्यान्वियनका क्रममा आईपरेका विभिन्न सवालहरुलाई समाधान गर्न योजनाको सम्झौता देखि योजना फरफारक सम्म बुदा नं. १३ बमोजिम अनिवार्य बैठक गर्नु पर्नेछ। यस बाहेक उपभोक्ता समितिले आवश्यक ठानेमा जुनसुकै वेलामा पनि बैठक बस्न सक्ने छ।

(६) आयोजना सञ्चालन, संरक्षण र मर्मत सम्भार गर्ने,

(७) आफूले जिम्मा लिएको काम निर्धारित समयमा सम्पन्न गर्न नसेकेमा सम्वन्धित आर्थिक वर्ष भित्र सो कार्य पुरा गर्ने सर्तमा समयमा सम्पन्न हुन नसकेको कारण खुलाई उपभोक्ता समुहको निर्णय सहित थप स्याद माग गर्ने,

(८) कार्यक्रम कार्यान्वयन संग सम्वन्धित सम्पूर्ण खर्चहरूको विल भरपाई सुरक्षित राख्ने र सम्वन्धित कामको प्रगति बिबरण स्थानीय तहमा उपलब्ध गराउने,

(९) योजनाको निर्माण कार्य सम्पन्न भए पश्चात अनिवार्य सार्वजनिक परिक्षण गर्ने,

(१०) कामको फरफारक गराउनु अघि समीक्षाको लागि उपभोक्ता समितिको बैठक बोलाई बैठक बोलाई छलफल गराउने, यस्तो बैठकको उपस्थिति र निर्णयको प्रतिलिपि सम्वन्धित स्थानीय तहमा प्रस्तुत गर्ने आदि कार्य सम्पादन गर्नुपर्नेछ।

CamScanner

११. उपभोक्ता समितिकोको बैठक कम्तीमा पनि निम्न चरणमा अनिवार्य र सो भन्दा बढि उपभोक्ता समितिको आवश्यकताका आधारमा बस्न सकिने छ ।

| बैठक संख्या | बैठक बस्नु पर्ने अवधी | छलफल गर्नु पर्ने बिषयहरु |
|---|---|---|
| १ | उपभोक्ता भेला | • उपभोक्ता समिति गठन<br>• अनुगमन तथा सहजीकरण समिति गठन<br>• ..................... |
| २ | योजना सम्झौता पूर्व | • योजना सम्झौता सम्बन्धमा<br>• खाता संचालन सम्बन्धमा<br>• पेश्की माग सम्वन्धमा ( पेश्की रकम आवश्यक भएमा मात्र)<br>• अन्य........ |
| ३ | योजना कार्यान्वयन पूर्व | • योजनाको सार्वजनिकीकरण बारे<br>• कार्य बिभाजन (स्थानीय सामाग्री संकलन, बाह्य सामाग्री खरिद, दक्ष मिस्त्री, अदक्ष मिस्त्री.......) |
| ४ | योजना कार्यान्वयनको मध्य तिर | • हाल सम्मको कामको समिक्षा<br>• रनिङ्ग बिल फर्च्यौट र भूक्तानी माग गर्ने सम्बन्धमा (रनिङ्ग बिल भएमा मात्र)<br>• अन्य ....... |
| ५ | योजनाको कार्य सम्पन्न भै सके पश्चात | • सार्वजनिक परिक्षण<br>• योजनाको दीगोपना (मर्मत सम्भार .....)<br>• अन्तिम किस्ता भूक्तानी माग गर्ने सम्बन्धमा |

CamScanner

१२. सम्झौताको रद्द गर्न सकिने :

निम्न लिखित अवस्थामा यो सम्झौता रद्द गर्न सकिने छ।

क) उपभोक्ता समितिबाट योजना सुचारु रुपले संचालन गर्न नसकेमा।

ख) सम्झौता गरेको योजना परिधि भन्दा बाहिर गई कार्यान्वयन गरेमा वा कामको अनुगमन गर्दा सन्तोषजनक नदेखिएमा।

ग) योजनाको गुणस्तरियता कायम नभएमा।

घ) निर्माण सामाग्रीको हरहिसाब पारदर्शी नभएमा।

ङ) आर्थिक हिनामिना गरेको पाइएमा।

उपरोक्त कारणले सम्झौता रद्द हुने अवस्थामा त्यसबाट भए गरेको क्षति सम्बन्धित उपभोक्ता समितिबाट असुलउपर गरिनेछ।

उपरोक्त सर्त बमोजिम कार्य गर्न गराउन हामी निम्न पक्षहरु मन्जुर गर्दछौ।

**गाँउपालिकाको तर्फबाट**

नाम :

पद :

हस्ताक्षर :

मिति :

**उपभोक्ता समितिको तर्फबाट**

नाम :

पद :

हस्ताक्षर :

मिति :

अनुसूची-५

(दफा १४(७) संग सम्बन्धित

खर्च सार्वजनिक सूचना फाराम

मिति :

१. आयोजनाको नाम :                    २. आयोजना स्थल :

३. विनियोजित वजेट :        ४. आयोजना स्वीकृत भएको आ.व.        ५. आयोजना सम्झौता भएको मिति : ६. काम सम्पन्न गर्नु पर्ने मिति :    ७. काम सम्पन्न भएको मिति :

८. उ.स. को बैठकले खर्च स्वीकृत गरेको मिति :

आम्दानी र खर्चको विवरण

| आम्दानी | | खर्च | |
|---|---|---|---|
| विवरण | रकम | विवरण | रकम |

उपर्युक्त अनुसार आम्दानी तथा खर्च विवरण यथार्थ हो । यसमा सवै आम्दानी तथा खर्चहरु समावेश गरिएको छ । साथै उपभोक्ताहरुको प्रत्येक्ष सहभागितामा आयोजना कार्यान्वयन गरिएको छ । यसको एक प्रति वडा कार्यालयमा समेत पेश गरिएको छ ।

............... .................. ........................

कोषाध्यक्ष          सचिव          अध्यक्ष

CamScanner

अनुसूची–६

(दफा २४ (ङ) संग सम्बन्धित)

## उपभोक्ता समितिको भौतिक तथा वित्तीय प्रगति प्रतिवेदन

१. आयोजनाको विवरण

आयोजनाको नाम : वडा नं. टोल/बस्ती : उपभोक्ता समितिका अध्यक्ष :

२. आयोजनाको लागत : प्राप्त अनुदान रकम रु................, जनसहभागिता रकम रु.......................

चन्दा रकम रु..........................., जम्मा रु...............

३. हालसम्मको खर्च रकम रु..........

क) कार्यालयबाट प्राप्त रकम रु..............................

१. निर्माण सामग्रीमा (सिमेण्ट छड, काठ, ढुङ्गा वा फुवा गिट्टी, उपकरण आदि) रु......

२. ज्याला :- दक्ष रु : ..............., अदक्ष रु. जम्मा रु.

३. मसलन्द सामान (कपी, कलम, मसी कागज आदि) रु..... ४. दैनिक भ्रमण भत्ता (सम्झौतामा स्वीकृत भए) रु........

५. प्राविधिक निरीक्षण वापत खर्च (सम्झौतामा स्वीकृत भए) रु..

६. अन्य

ख. जनसहभागितबाट व्यहोरिएको खर्च रु. श्रमको मुख्य बराबर रकम रु.......

जिन्सी सामान मुल्य बराबर रकम रु.................., कुल जम्मा रु..................

४. प्राविधिक प्रतिवेदन बमोजिम मुल्याङ्कन रकम रु.............

५. उपभोक्ता समूहको निर्णय बमोजिम/समिक्षाबाट खर्च देखिएको रु ...............

६. कार्यान्वयनमा देखिएका मुख्य समस्याहरु : क. ख. ग.

७. समाधानका उपायहरु

क.

ख.

ग.

८. कार्यालयबाट र अन्य निकायबाट अनुगमन भए अनुगमनको सुझाव :

९. हाल माग गरेको किस्ता रकम रु......

१०. मुख्य खर्च प्रयोजन

११. प्राप्त रकम आयोजना बाहेक अन्य कार्यमा खर्च गर्नेगराउने छैनौं।

........................ ............................ ..........................

(सचिव) (कोषाध्यक्ष) (अध्यक्ष)